# <u>थलारा गाउँपालिकाको आर्थिक ऐन, २०७७</u>

**थलारा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावनाः** थलारा गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम थलारा गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।
(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि थलारा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** गाउँपालिकापालिकाका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. **भूमि कर (मालपोत):** गाउँपालिका क्षेत्रभित्र अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन करः** गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ । ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिङ, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग सेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. **कर छुटः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूचि (१) **सम्पति कर:**

**घरकर वर्गिकरण**

| सि.नं. | घरको किसम | आ.व. ०७७/०७८ का लागि दर | |
|---|---|---|---|
| | | आवसिय प्रयोजन | व्यवसायिक परियोजन |
| 1 | ढुंगामाटोको जोडाई खरको छाप्रो | २० | |
| 2 | ढुंगाामाटोको जोडाई २/३ तले खरको छानो भएको घर | ३० | |
| 3 | ढुंगामाटोको जोडाई टिनको छाप्रो | ४० | १०० |
| 4 | ढुंगामाटोको जोडाई २/३ तले टिनवा ढुंगाको छानो भएको वारतली सहितको घर | ६० | १५० |
| 5 | ढुंगामाटो सहितसिमेन्टले प्लाष्टर गरेको घर | ८० | १६० |
| 6 | पिलर विम सहितको टिनले छाएको विना ढलानको घर | १०० | २०० |
| 7 | पिलर र विम सहितको ढलान गरिएको घर | २०० | ३०० |
| ८ | नक्सापास निवेदन फारम दस्तुर | २०० | |

अनुसूचि (२) **भूमि कर (मालपोत):**

| सि.नं. | वर्ग | न्युनतम ५ रोपनी सम्मको रकम | | थप प्रति रोपनी रकम | |
|---|---|---|---|---|---|
| | | खेत | पाखो | खेत | पाखो |
| १ | अव्वल | रु ३५ | रु २५ | रु १५ | रु ५ |
| २ | दोयम | रु ३० | रु २० | रु १० | रु ५ |
| ३ | सिम | रु २५ | रु १५ | रु १० | रु ५ |
| ४ | चाहर | रु १५ | रु १० | रु ५ | रु ३ |

अनुसूचि (३) **घर वहाल कर:**

घर बहालको १० प्रतिशत

अनुसूचि (४) **व्यवसाय करः**

| सि.नं. | व्यावसायिक कर | रकम रु (वार्षिक) | |
|---|---|---|---|
| 1 | ज्वलरी सुन चाँदीपसल | ५०० | |
| 2 | डिनर सिप | ५०० | |
| 3 | मदिराजन्य पसल | ३००० | |
| 4 | सून चाँदी जलप लगाएतका गरगहना वेचविखन | ५०० | |
| 5 | भिडियो क्यामेरा | २०० | |
| 6 | इलेक्ट्रिक सामानको पसल (घडी, रेडियो, टि.भी.मोवाइलमर्मत) | २०० | |
| 7 | भाँडा पसल | ३०० | |
| 8 | हार्डवयेर | १००० | |
| 9 | इन्धन विक्रि पसल | ३०० | |
| 10 | फर्निचर पसल | ५०० | |
| 11 | खाद्यन्नकिनारा पसलथोक विक्रेता | ५०० | |
| 12 | खाद्यन्नकिनारा पसल खुद्राविक्रेता | २०० | |
| 13 | फलफूलपसल -तरकारी) | १०० | |
| 14 | गेष्टहाउस | ८०० | |
| 15 | होम स्टे | ५०० | |
| 16 | स्टेशनरी | ५०० | |
| 17 | वित्तीय बैंक नेपाल सरकारको स्वामित्व वाहेक | १५०० | |
| 18 | फाइनान्स तथालघु वित्त | १००० | |
| 19 | बहुउद्देश्यीय सहकारी -ऋण, वचत प्रतिलाख | १००० | |
| 20 | कृषि सहकारी प्रतिलाख | ५०० | |
| 21 | औषधी पसल | १५०० | |
| 22 | दाँत बनाउँने | ३००० | |
| 23 | निजी क्षेत्रका विद्यालय<br>क) मा.वि. तह<br>ख) आधारभूत तह | <br>१५००<br>१००० | |
| 24 | कम्प्युटर प्रशिक्षण | १००० | |
| 25 | व्युटिपार्लर | ५०० | |
| 26 | सवारी साधन मर्मत | ५०० | |
| 27 | फोटो स्टुडियो | २०० | |

| | | | |
|---|---|---|---|
| 28 | गै.स.सं. | २००० | |
| 29 | अन्तरराष्ट्रिय गै.स.सं. | २००० | |
| 30 | ठेक्कापट्टा -व्यक्तिगत)<br>रु २० लाखभन्दा तल<br>रु २० लाख देखि १ करोड सम्म | १०००<br>३००० | |
| 31 | मासु पसल | १००० | |
| 32 | पिकनिकपार्क स्पोर्ट | २०० | |
| 33 | घुम्तीपसल<br>स्थानीय ५०० प्रतिहप्ता<br>बाह्य १००० प्रतिहप्ता | १००<br>२०० | |
| 35 | कपडा पसल | १००० | |
| 36 | सूचीकार टेलर्स | ५०० | |
| 37 | जुत्तासिउने पसल | १०० | |
| 38 | राइस मिलकुटनीपीसानी | १००० | |
| 39 | ज्योतिषपसल | १००० | |
| 40 | सवारी साधनदर्ता (स्कुटर, मो.सा., अन्यचार पाङ्गे) (बार्षिक) | २०० | |
| 41 | निजी कार जीप | १००० | |
| 42 | ट्याक्टर (ढप) | १०० | |
| 43 | निजीमिनीवस, ट्राभल बस | १००० | |
| 44 | माछा ठेक्का वाफत कर | २५००० | |
| 45 | घट्ट कर | २०० | |
| 46 | गा.पा भित्रको जिप कार शुल्क ( बार्षिक) | ५०० | |
| 47 | मो.सा प्रवेश शुल्क | १० | |
| 48 | कार जिप प्रवेश शुल्क | ५० | |
| 49 | डोजर प्रवेश शुल्क (प्रतिदनि) | ५०० | |

अनुसूचि (५) **जडिबुटी, कवाडी र जीवजन्तु करः**

अनुसूचि (६) **सवारी साधन करः**

अनुसूचि (७) **विज्ञापन कर**:

| विज्ञापन कर | | |
|---|---|---|
| 1 | गाडीमा सामान वोकी विज्ञापन गर्ने (प्रतिपटक) | २०० |
| 2 | स्टल राखीविज्ञापनगर्नै (प्रतिदिन) | २०० |
| 3 | कन्सर्ट (प्रतिपटक) | ५०० |
| 4 | तुलव्यानर राखीविज्ञापन -प्रतिपटक | ३०० |

अनुसूचि (८) **मनोरन्जन कर**:

अनुसूचि (९) **बहाल बिटौरी शुल्क**:

अनुसूचि (१०) **पार्किङ शुल्क**:

अनुसूचि (११) **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क**:

अनुसूचि (१२) **सेवा शुल्क, दस्तुरः**

| सि.नं. | विवरण | दररेट | कैफीयत |
|---|---|---|---|
| १. | घर जग्गा नामसारी सिफारिस | ५०० | |
| २. | मोही लगत कट्टा सिफारिस | २०० | |
| ३. | घर कायम सिफारिस | २०० | |
| ४. | छात्र बृत्ति सिफारिस | निशूल्क | |
| ५. | विपन्न विद्यार्थी छात्र बृत्ति सिफरिस | निशूल्क | |
| ६. | अपांग सिफरिस | निशुल्क | |
| ७. | अस्थायी बसोवास सिफारिस | २०० | |
| ८. | स्थायी वसोवास सिफारिस | ५०० | |
| ९. | नागरिकता र प्रतिलिपि सिफारिस | १०० र २०० | |
| १०. | अंगिकृत नागरिकता सिफारिस | ५०० | |
| ११. | आर्थिक अवस्था कमजोर वा विपन्नता प्रमाणित | निशुल्क | |
| १२. | आर्थिक अवस्था वलियो वा सम्पन्नता प्रमाणित | १००० | |
| १३. | विद्युत जडान सिफारिस | २०० | |
| १४. | धारा जडान सिफारिस | २०० | |
| १५. | जिवित रहेको सिफारिस | २०० | |
| १६. | दुवै नाम गरेको व्यक्ति एउटै हो भन्ने सिफारिस/ फरक जन्ममिति संशोधन सिफारिस | १०० | |
| १७. | जग्गा मूल्याङ्कन सिफारिस र प्रमाणित | ५०० | |
| १८. | व्यवसाय वन्द सिफारिस | १०० | |
| १९. | व्यवसाय सञ्चालन नभएको सिफारिस | १०० | |
| २०. | व्यापार व्यवसाय नभएको सिफारिस | १०० | |
| २१. | कोट फी मिनाहा सिफारिस | निशुल्क | |
| २२. | नावालक परिचयपत्र सिफारिस | १०० | |
| २३. | चौपाय सम्बन्धी सिफारिस | १०० | |
| २४. | व्यवसाय दर्ता सिफारिस | १००० | |
| २५. | उद्योग ठाउँसरी सिफारिस | ३००० | |
| २६. | विद्यालय ठाउँसरी सिफारिस | १००० | |
| २७. | आन्तिरिक बसाइँसराई सिफारिस | २०० | |
| २८. | व्यक्तिगत विवरण सिफारिस | १०० | |
| २९. | जग्गादर्ता सिफारिस | २०० | |
| ३०. | संरक्षक सिफारिस (व्यक्तिगत) | १०० | |

| | | | |
|---|---|---|---|
| ३१. | संरक्षक सिफारिस (संस्थागत) | १०० | |
| ३२. | नेपाल सरकारको नाममाबाटो कायम सिफारिस | निशुल्क | |
| ३३. | जिवित संगको नाताप्रमाणित | २०० | |
| ३४. | मृतक संगको नाता प्रमाणित | २०० | |
| ३५. | कोठाखोल्ने कार्य/ रोहवरमा वस्ने कार्य | १५० | |
| ३६. | निशुल्क वा सशुल्क स्वास्थ्य उपचार सिफारिस | निशुल्क | |
| ३७. | अन्य कार्यालयको मागअनुसार विवरण खुलाइपठाउने कार्य | निशुल्क | |
| ३८. | संस्था दर्ता सिफारिस | ५०० | |
| ३९. | घरबाटो प्रमाणित | २०० | |
| ४०. | चार किल्ला प्रमाणित | २०० | |
| ४१. | जन्म मिति प्रमाणित | १०० | |
| ४२. | विवाह प्रमाणित | २०० | |
| ४३. | कागज मन्जुरीनामा प्रमाणित | १०० | |
| ४४. | हकवाला वा हकदार प्रमाणित | २०० | |
| ४५. | अविवाहित प्रमाणित | १०० | |
| ४६. | जग्गा रेखाङ्कनको कार्य वा सो कार्यमा रोहवर | २०० | |
| ४७. | जग्गा धनीपूर्जा हराएको सिफारिस | २०० | |
| ४८. | पूर्जामा घर कायम गर्ने सिफारिस | २०० | |
| ४९. | अंग्रेजी सिफारिस तथा प्रमाणित | प्रति पेज २०० | |
| ५०. | मिलापत्र कागज /उजुरी दर्ता | २०० | |
| ५१. | विज्ञापन कर साइज अनुसार | २००-१००० | |
| ५२. | जन्मदर्ता | ५० | |
| ५३. | मृत्यु दर्ता | ५० | |
| ५४. | वसाई सराई आउने/जाने दर्ता | ५० | |
| ५५. | पक्का घरको सर्जमिन वापत | १०००।- | |
| ५६. | अन्य सबै प्रयोजनको सर्जमिन वापत | ५००।- | |
| ५७. | अचल सम्पत्ति मूल्याकंन | ०.१० प्रतिशत | |
| ५८. | रकम कलम उढाई दिएवापत | ५ प्रतिशत | |
| ५९. | सम्वन्धविच्छेद दर्ता | ५० | |
| ६०. | विवाह दर्ता | ५० | |
| ६१. | नयाँ व्यवसाय दर्ता | २०० | |

| | | | |
|---|---|---|---|
| ६२. | व्यवसाय नविकरण दर्ता | ३०० | |
| ६३. | संघ संस्था नविकरण | १५०० | |
| ६४. | उल्लेखित बाहेक अन्य | सिफारिस १००<br>प्रमाणित २००<br>संशोधित २०० | |
| ६५. | दुर्गम सिफारिस | १०० | |
| ६६. | आयोजना सम्झौता सिफारिस | ५०० | |
| ६७. | आयोजना सम्पन्न/भुक्तानी सिफारिस | ५०० | |

अनुसूचि (१३) **पर्यटन शुल्कः** गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

**पुनश्च :** माथि उल्लेख भएका बाहेक अन्य व्यावसायिक तथा अन्य क्षेत्रहरुमा कर तथा दस्तुर तोक्नु परेमा नेपाल सरकारको कानुनमा नबाझिने गरि गाउँकार्यपालिकाको बैठकले निर्णय गरी गाउसभाबाट अनुमोदन गराउने गरी दर बनाई लागू गर्न सक्नेछ ।